annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२८, पृष्ठ ८ | काठमाडौं, मंगलबार २४ चैत २०८२ | वैशाख कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | TUESDAY, APRIL 7, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# विज्ञापनमा विभेद: सर्वोच्चको ढोकामा मिडिया




सरकारले सबै सरकारी विज्ञापन र सूचनाहरू केवल सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र सीमित गर्ने गरी गरेको विवादास्पद निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ। नेपाल मिडिया सोसाइटीले दायर गरेको उक्त रिटमा सरकारको कदमले निजी क्षेत्रका सञ्चारमाध्यमलाई आर्थिक रूपमा धराशायी बनाउने र नागरिकको सूचनाको हक कुण्ठित गर्ने दाबी गरिएको छ।

**सुनिता कार्की** | *काठमाडौं*

विस्तृत पृष्ठ २

# श्रमिक ठग्नेको सूची अब सरकारी वेबसाइटमा




**अजवी पौड्याल** | *काठमाडौं*

वैदेशिक रोजगारीको प्रलोभन देखाएर सर्वसाधारणलाई ठगी गर्ने व्यक्ति तथा एजेन्टहरूको विवरण अब सरकारले सार्वजनिक रूपमै अनलाइनमा राख्न थालेको छ। वैदेशिक रोजगार विभागले ठगी नियन्त्रण गर्ने र नयाँ युवाहरूलाई फस्नबाट जोगाउने उद्देश्यले आरोपीहरूको नामावली विभागको आधिकारिक वेबसाइटमा सार्वजनिक गर्ने निर्णय गरेको हो।

विभागले हालै मात्र गत मार्च महिनामा ठगी गरेको आरोप लागेका ३ सय ५२ जनाको सूची सार्वजनिक गरेको छ। विभागका अनुसार यो नामावली हरेक तीन/तीन दिनमा अपडेट गरिनेछ। यदि कुनै आरोपीले पीडितसँगको लेनदेन मिलाएर उजुरी फर्स्यौट गरेमा मात्र सूचीबाट नाम हटाइने नीति लिइएको छ।

अहिले सार्वजनिक भएका अधिकांश आरोपीहरूले संस्थागत नभई व्यक्तिगत रूपमा लाखौँ रुपैयाँ ठगी गरेका हुन्।

एउटै उजुरीमा ८ सय १० जनासम्मलाई प्रतिवादी बनाइएको समेत विभागले जनाएको छ। विभागमा प्रमाणसहित उजुरी परेपछि आरोपीविरुद्ध जारी भएको पक्राउ पुर्जीको जानकारी पीडितले अब एसएमएसबाटै पाउने व्यवस्थासमेत मिलाइएको छ।

**मन्त्री साहको १० वर्ष अगाडिको ठगी प्रकरण**

संयोग कस्तो छ भने, हाल श्रम मन्त्रालयको बागडोर सम्हालेका मन्त्री दीपककुमार साह आफैं १० वर्षअघि ठगी आरोपमा पक्राउ परेका थिए। महोत्तरी घर भई काठमाडौं बस्ने साहलाई सन् २०१६ अक्टोबर २ मा प्रहरीले पक्राउ गरेको थियो। पुतलीसडकस्थित 'वर्ल्ड वाइड कन्सल्टेन्सी'मा कार्यरत रहँदा उनले आफूलाई 'डाक्टर' बताउँदै एक युवतीलाई एमबीबीएसमा नाम निकालिदिने प्रलोभन देखाएर २ लाख रुपैयाँ ठगी गरेको आरोप लागेको थियो। यद्यपि, सो मुद्दामा २०७३ मंसिर १० गते काठमाडौं जिल्ला अदालतबाट उनले सफाइ पाएका थिए।

अहिले तिनै मन्त्री साहले पदबहाली गरेलगत्तै ठगी गर्नेहरूलाई कानुनी दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन विभागलाई कडा निर्देशन दिएका छन्।

**'एउटै व्यक्तिबाट सयौं ठगिए'**

वैदेशिक रोजगार विभागकी महानिर्देशक मीरा आचार्यका अनुसार वर्षौंदेखि एउटै व्यक्ति वा गिरोहले फरक-फरक जिल्लामा पुगेर सयौं युवालाई ठग्ने गरेको पाइएको छ। 'संस्थागत ठगी विभागले तत्कालै समाधान गर्न सक्छ, तर व्यक्तिगत ठगी रोक्न धेरै प्रयास गर्दा पनि कमी आएन,' आचार्यले भनिन्, 'त्यसैले अब मार्च महिनादेखि हरेक महिना आरोपीको विवरण अपलोड गर्नेछौं। विदेश जाने तयारीमा रहेका जो कोहीले पैसा बुझाउनुअघि उक्त मान्छे आरोपी हो कि होइन भनेर वेबसाइटमा चेक गर्न सक्नुहुन्छ।'

विभाग स्रोतका अनुसार सार्वजनिक सूचीमा कतिपय चर्चित एजेन्ट र कन्सल्टेन्सी सञ्चालकहरूसमेत छन्। उनीहरूले आफ्नो नाम हटाउन विभागका कर्मचारीहरूलाई फोन गर्ने, प्रलोभन दिने र दबाब दिने गरिरहेका छन्। कतिपय म्यानपावर व्यवसायीहरूले समेत यसमा दबाब दिएको बुझिएको छ।

**मेडिकल सिन्डिकेट तोड्ने प्रयास र चुनौती**

श्रम मन्त्रालयले पछिल्लो समय बिदेसिने श्रमिकको स्वास्थ्य परीक्षणमा रहेको सिन्डिकेट तोड्ने निर्णयसमेत गरेको छ। यसअघि सीमित सूचीकृत व्यवसायीले मात्र मेडिकल गर्न पाउने व्यवस्थालाई हटाएर सबै योग्यता पुगेका स्वास्थ्य संस्थाबाट मेडिकल गर्न पाउने बाटो खोलिएको छ। तर, यो निर्णय उल्ट्याउन र पुरानै सिन्डिकेट कायम राख्न मेडिकल सञ्चालकहरूले मन्त्रालयमा तीव्र लबिइङ गरिरहेका छन्। स्रोतका अनुसार नयाँ श्रममन्त्रीलाई प्रलोभनमा पार्ने र कानुनी झमेला देखाएर निर्णय फिर्ता गराउने खेल भइरहेको छ।

श्रम मन्त्रालयले श्रमिक तथा कर्मचारीलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक र सेवा सुविधा दिन कडा निर्देशन जारी गरेको छ। विशेषगरी निजी अस्पताल, नर्सिङ होम र निजी विद्यालयहरूमा 'ट्रेनी' वा 'इन्टर्न'का नाममा बिना पारिश्रमिक काम लगाउने गरिएको गुनासो आएपछि मन्त्रालयले ध्यानाकर्षण गराएको हो।

मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेका अनुसार श्रम ऐन, २०७४ को दफा १८ (३) बमोजिम तालिमी वा इन्टर्नका रूपमा कार्यरत व्यक्तिलाई पनि अनिवार्य रूपमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चयकोष र बिमा जस्ता सामाजिक सुरक्षाका सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। यो नियम पालना नगर्ने संस्था वा रोजगारदातालाई कानुनी कारबाही गरिने मन्त्रालयले चेतावनी दिएको छ।

# 'ओली र लेखकलाई प्रक्रिया पूरा गरेर हिरासतमुक्त गर्नू'

## सर्वोच्च अदालतको परमादेश

**दिनेश गौतम** | *काठमाडौं*





सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रक्रिया पूरा गरी हिरासत मुक्त गर्न परमादेश दिएको छ।

न्यायाधीशद्वय विनोद शर्मा र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले दिएको परमादेशयुक्त आदेशका कारण चैत २६ गते ओली र लेखक हिरासतमुक्त हुने छन्। परमादेश आदेशमा भनिएको छ, 'ओली र लेखकलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५ को प्रक्रिया पूरा गरी हिरासतमुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी जो जे गर्नुपर्ने हो। गर्नू,गराउनू।'

काठमाडौं जिल्ला अदालतबाट ओली र लेखकविरुद्ध पछिल्लोपटक ५ दिनको म्याद थपेको छ। सर्वोच्च थपिएको उक्त म्याद अर्थात् चैत २६ गतेभित्र अनुसन्धान गरिसक्न र सो समयसीमाभित्र अनुसन्धान हुन नसके हिरासतमुक्त गर्न आदेश गरेको हो। जिल्ला अदालतले चैत २२ देखि लागू हुने गरी तेस्रोपटक ५ दिनको म्याद आइतबार थपेको थियो।

चैत १४ गते ज्यानसम्बन्धी कसुर समेतको मुद्दाको अनुसन्धानको सिलसिलामा ओली गुण्डुबाट र लेखकलाई कटुञ्जेबाटै पक्राउ गरिएको थियो। जिल्ला प्रहरी परिसर काठमाडौंद्वारा जारी भएको जरुरी पक्राउ पुर्जीलाई काठमाडौं जिल्ला अदालतबाट स्वीकृति दिएको थियो।

शनिबारको दिन गैरकानुनी ढंगले एकाबिहानै जरुरी पक्राउ पुर्जी थमाएर पक्राउ गरेको दाबी गर्दै ओलीका तर्फबाट श्रीमती राधिका शाक्य र लेखकको तर्फबाट श्रीमती यशोदा लेखकले छुट्टाछुट्टै बन्दीप्रत्यक्षीकरण रिट निवेदन दायर गरेका थिए। सोही रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले परमादेश आदेश जारी गरेको हो। रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लाई विपक्षी बनाइएको छ। सर्वोच्चले चैत २२ गतेबाट सुनुवाइ सुरु गरेको हो।

**रिट खारेज, ओली र लेखकलाई राहत**

ओलीलाई त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण गराइएको थियो। मुटुको चालमा उतारचढाव र मिर्गौलामा समेत समस्या उत्पन्न भएपछि विशेष मेडिकल टिमको प्रत्यक्ष निगरानीमा छन्। लेखकलाई तीनकुनेस्थित कान्तिपुर अस्पतालमा स्वास्थ्य परीक्षण गराएर महाराजगन्जस्थित २ नम्बर प्रहरी गणको हिरासतमा राखिएको छ। ओली र लेखक दुवै जना आफ्ना माता र पिताको निधनपश्चात् आशौचमा छन्।

ओली र लेखकलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नका लागि काठमाडौं जिल्ला अदालतबाट चैत १५ गते पाँच दिन र दोस्रोपटक चैत १९ गते दुई दिन म्याद थप गरिएको थियो। तेस्रोपटक चैत २१ बाट लागू हुने गरी पाँच दिन म्याद थप गरिएको थियो। सर्वोच्च अदालतले समग्र आधार र प्रमाणलाई विचार गर्दा मुद्दाको अनुसन्धान प्रक्रिया छिटो टुंग्याउनु बाञ्छनीय भएको निष्कर्ष निकालेको छ।

आदेशको पूर्णपाठ तयार हुन समय लाग्ने हुँदा संक्षिप्त आदेश जारी गरेको हो। आदेशमा भनिएको छ, 'महान्यायाधिवक्ताको कार्यालयमार्फत प्राप्त अनुसन्धान तहकिकातको मिसिलबाट देखिएको स्थितिमा फौजदारी कसुरको अनुसन्धान तहकिकातको सिलसिलामा अदालतबाट म्याद थप भई न्यायिक हिरासतमा राखिएको कार्यलाई कानुन प्रतिकूल भन्न नमिल्ने हुँदा निवेदन दाबीअनुसार यी रिट निवेदकहरूको थुना गैरकानुनी देखिन नआएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन।'

राधिकाले दायर गरेको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै न्यायाधीश मेघराज पोखरेलको इजलासले कारण देखाउ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको थियो। त्यस्तै लेखकको रिटमा न्यायाधीश कुमार रेग्मीको इजलासले पनि कारण देखाउ आदेशसँगै लिखित जवाफ माग गरेको थियो।



प्रहरीलाई कानुनी शासन बमोजिम अनुसन्धान पूरा गर्न समयावधि दिएर कानुनी शासनको मर्यादा राखिएको छ। राम्रो फैसला भएको छ।

**बलराम केसी,**
पूर्वन्यायाधीश, सर्वोच्च अदालत

रिट निवेदक राधिका र यशोदाको तर्फबाट वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, अग्निप्रसाद खरेल, रवि नारायण खनाल, डा. मुक्ति प्रधान, शेरबहादुर केसी, रमेश बडाल, गोपालकृष्ण घिमिरे, टीकाराम भट्टराई, डा.विजयप्रसाद मिश्रलगायतले बहस गरेका थिए।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी अदालतले कानुनी शासनको व्याख्या गरेको बताउँछन्। 'ओली र लेखकलाई अहिलेसम्मको थुनालाई संविधान तथा कानुन सम्मत मानेको छ। थुनालाई गैरकानुनी नभएको ठहर गरेको छ,'

पूर्वन्यायाधीश केसीले अन्नपूर्णसँग भने, 'अब थप थुनामा राख्न आवश्यक देखिएन भन्दै नभएको आदेश जारी भएको छ। प्रहरीलाई कानुनी शासनबमोजिम अनुसन्धान पूरा गर्न समयावधि दिँदै कानुनी शासनको मर्यादा राखेर राम्रो फैसला भएको छ।'

गत चैत १३ गते प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो। पूर्वन्यायाधीश कार्की संयोजकत्वका आयोग गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएका हिंसात्मक घटनाको जाँचबुझ गर्न गठन भएको थियो।

जेन-जी आन्दोलनको जाँचबुझ गन गठित कार्की नेतृत्वको आयोगले ओली र लेखकमाथि अनुसन्धान र कारबाही गर्न सिफारिस गरेको थियो। आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा सरकारले ओली र लेखकलाई पक्राउ गरेको हो। पक्राउ गरेपछि गृहमन्त्री सुधन गुरुङले प्रतिशोध नभई न्यायका लागि भएको प्रतिक्रिया दिएका थिए।

**छवि रिजाललाई जिम्मा जमानीमा छोडियो**

सर्वोच्चले तत्कालीन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई जिम्मा जमानिको छोडिएको सन्दर्भलाई पनि आदेशमा उल्लेख गरेको छ। 'इजलाससमक्ष प्राप्त अनुसन्धान तहकिकातसम्बन्धी फायल र मिसिल हेर्दा, निवेदक र अभियुक्तहरूको बयान कार्यलगायत अनुसन्धानका अन्य कार्यसमेत सम्पन्न भइसकेको, छानबिन प्रतिवेदनले कारबाहीका लागि सिफारिस गरिएकामध्ये तत्कालीन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसमेत अनुसन्धानका लागि पक्राउ परेकोमा निजको हकमा खोजी भएका बखत उपस्थित गराउने भतिजा प्रदीप रिजालको जिम्मा जमानीमा छाडिएको' सन्दर्भलाई पनि आदेशमा उल्लेख गरेको छ। रिजाललाई चैत १७ गते जिम्मा जमानीमा छोडिएको थियो।